# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, भदौ १२ गते २०५२ साल (संख्या २०

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ को उपदफा ८.३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल खानेपानी संस्थानको संचालक समितिमा देहायका सदस्यहरू थप गरेको छ।

१. श्री द्विजराज भट्ट, माइक्रो बायोलोजी विभाग, कीर्तिपुर केन्द्रीय क्याम्पस, काठमाडौं नगरपालिका, बानेश्वर भीमसेनगोला – सदस्य

२. श्री बाबुराम भट्टराई, उपप्राध्यापक, इन्जिनियरिङ्ग क्याम्पस, पुल्चोक – सदस्य

३. श्री तुलप्रसाद शेरचन, ललितपुर नगरपालिका, वडा नं. २ सानेपा – सदस्य

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

295

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्रम मन्त्रालयका का. मु. सचिव श्री सुशीलकान्त झा Regional Symposium on Tripartism सम्बन्धी पेनाङ सम्मेलनमा भाग लिन र मलेसिया तथा फिलिपिन्सको अध्ययन भ्रमणमा २०५२।४।२० मा त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह–सचिव श्री श्रीकृष्ण गौतमलाई मिति २०५२।४।२० गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९६